नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ९८५४०२९३३७

कृषि विभाग

कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

# कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

नक्टाझिज, धनुषा

**सूचनाः आँप, लिची तथा कटहर फल लिलाम विक्री सम्बन्धमा।**

**प्रथम पटक प्रकाशित मिति २०८३/०१/३० गते**

यस केन्द्र अन्तर्गत रहेको आँप, लिची तथा कटहर बगैचाको फल वोटकै अवस्थामा (नर्सरी तथा आवास क्षेत्र बाहेक) शिलबन्दी प्रक्रिय द्वारा लिलाम विक्री गर्नु पर्ने भएको हुँदा तपसिल अनुसारको शर्तमा रही ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट आफुले कबोल गन चाहेको रकम अंक र अक्षरमा प्रष्ट रुपमा बुझिने गरी व्यक्ति भए नागरिकताको फोटोकपी / फर्म, संस्था वा कम्पनी भए दर्ता प्रमाण पत्र कर चुक्ता प्रमाण पत्रको फोटोकपि सहित शिलबन्दी निवेदन यो सूचना प्रकाशित भएको मितीले ७ सात दिन भित्र यस केन्द्रमा दर्ता गराउ हुन सबैको जानकारीको लागी यो सूचना प्रकिशत गरिएको छ ।

तपसिलः

१. दरभाउपत्र खरिद मिति २०८३/०२/०५ गते सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ।
२. शिलबन्दी दरभाउपत्र मिती २०८३/०२/०६ गते दिनको १२:०० बजे सम्म यस केन्द्रमा दर्ता गरी सक्नु पर्ने छ ।
३. दरभाउपत्र वापतको रकम रु.१०००।(फिर्ता नहुने गरी) यस केन्द्रको लेखा शाखामा नगदै बुझाइ दरभाउ पत्र लिन सकिने छ।
४. दर्ता भएको शिलबन्दी दरभाउ पत्र/निवेदनहरु सोही दिन २०८३/०२/०६ गते दिनको २:०० बजे यस केन्द्रमा सम्बन्धित दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा निवेदन दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
५. शिलबन्दी दरभाउपत्र पेश गर्दा आफुले कबोल गरेको अंकको १०% ले हुन आउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रा. वा. बैंक जनकपुरमा रहेको धरौटी खाता नं. १२२०१००१०२०३०००० कार्यालय कोड नं. ३१२०११७०१ म जम्मा गरेको सक्कल दोश्रो प्रति वा नगदै निवेदन साथ पेश गर्नु पर्ने छ ।
६. दरभाउपत्र शर्त रहित, केरमेट नभएको, केन्द्रले उपलब्ध गराएको फाराममा कुनै पनि थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्ने छ। तोकिएको
   समय भित्र प्राप्त नभएको, रित नपुगेको, सुचना शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुनै छैन।
७. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार केन्द्रमा सुरक्षित रहने छ ।
८. बगैचा निरिक्षण तथा फल सम्बन्धी अन्य कुरा बझ्नु परेमा कार्यालय खुलेको समयमा केन्द्रको बागवानी ईकाईमा सम्पर्क राख सकिनेछ ।
९. आँप, लिची तथा कटहर फलको न्युनतम मुल्य रु.२,९७,२२२.४२।(अक्षरुपी रु. दुई लाख सन्तान्वे हजार दुई सय बाईस रुपैयं ब्यालिस पैसा मात्र) कायम गरिएको छ।
१०. शिलबन्दी दरभाउपत्र स्वीकृत भएको निवेदनदाताले स्वीकृत भएको जानकारी पाएको सात दिन भित्र आफुले कबोल गरेको अंकको ४० प्रतिशत रकम जम्मा गर्नु पर्नेछ र बाँकी ६० प्रतिशत रकम पहिलो पटक फल टिप्नु भन्दा पहिला नै जम्मा गर्नु पर्ने छ ।
११. सम्झौता भए पछि फलको रेखदेख तथा सम्पूर्ण सुरक्षाको जिम्मेवारी लिलाम विक्रि सकारकर्ता स्वयंको हुनेछ ।
१२. बोलपत्र सम्बन्धि विस्तृत सूचना तथा बोलपत्रका शर्तहरु यस केन्द्रको सूचना पाटीमा तथाकेन्द्रको website(www.ampcnaktajhij.gov.np) हेर्न सकिनेछ ।
१३. कबोल गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
१४. यसमा उल्लेख नभएको कुराहरुको हकमा नेपाल सरकारको प्रचलित ऐन, कानुन बमोजिम हुने छ।

E_mail:ampcnaktajhij@gmail.com

केन्द्र प्रमुख

केन्द्र प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

# कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

नक्टाझिज, धनुषा

यस कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिज धनुषाको आ.व. ०८२/०८३ मिति २०८३/०१/३० गतेको प्रकाशित सूचना अनुसार यस केन्द्रको परिसर भित्र रहेका (नर्सरी तथा आवास क्षेत्र बाहेक) आँप, लिचि तथा कटहर बगैचाको फलको लिलाम सकार गर्नको लागि सार्वजनिक सूचना बमोजिम गोप्य शिलबन्दी पेश गर्ने दरभाउपत्र दाताहरुले पालन गर्नुपर्ने शर्तहरु ।

दरभाउपत्र पेश गर्ने नियम तथा बोलपत्र दाताले पालन गर्नु पर्ने शर्तहरु :

१. दरभाउपत्र फाराम दस्तुर वापत रु. १०००।(एक हजार) पछि फिर्ता नहुने गरी तिरी सुचना प्रकाशन भएको मितिले ७ औ दिन २०८३/०२/०५ गते कार्यालय समयभित्र दरभाउपत्र फाराम खरिद गरि ८ औ दिन २०८३/०२/०६ गते दिनको १२:०० बजेभित्र यस केन्द्रमा दर्ता गरिसक्नुपर्नेछ । उक्त दरभाउपत्र फाराम यस केन्द्रको लेखाशाखाबाट खरिद गर्न सकिनेछ ।

२. दर्ता भएको शिलबन्दी दरभाउपत्रहरु सोही दिन २०८३/०२/०६ गते दिनको २.०० बजे यस योजनामा सम्बन्धित निवेदनदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा निवेदन दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. शिलबन्दी दरभाउपत्र पेश गर्दा आफुले कबोल गरेको अंकको १०% ले हुन आउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रा. वा. बैंक जनकपुरमा रहेको धरौटी खाता नं. १२२०१००१०२०३०००० कार्यालय कोड नं. ३१२०११७०१ मा जम्मा गरेको सक्कल दोश्रो प्रति वा नगदै निवेदन साथ पेश गर्नु पर्ने छ वा सो वरावरको यस केन्द्रको नाममा जारी गरिएको कम्तीमा ६ महिना अवधि भएको बैंक जमानत पेश गर्नुपर्ने छ।

४. शिलबन्दी दरभाउपत्र स्वीकृत भएको निवेदनदाताले स्वीकृत भएको जानकारी पाएको सात दिन भित्र आफुले कबोल गरेको अंकको ४० प्रतिशत रकम जम्मा गर्नु पर्नेछ र बाँकी ६० प्रतिशत रकम पहिलो पटक फल टिप्नु भन्दा पहिला नै जम्मा गर्नु पर्ने छ ।

५. सम्झौता भए पछि फलको रेखदेख तथा सम्पूर्ण सुरक्षाको जिम्मेवारी लिलाम विक्रि सकारकर्ता स्वयंको हुनेछ र बगैचाको रेखदेखको लागि बढिमा ५ जानासम्म व्यक्ति राख्न सकिने छ र उक्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी र मो.नं. यस केन्द्रमा उपलब्ध गराउनु पर्ने छ। ।

६. दरभाउपत्र शर्त रहित, केरमेट नभएको, केन्द्रले उपलब्ध गराएको फाराममा कुनै पनि थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्ने छ। तोकिएको समय भित्र प्राप्त नभएको, रित नपुगेको, सुचना शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुनै छैन।

७. फल टिप्ने क्रममा बोटहरुको लामा हँगाहरु तथा अन्य कुनै किसिमको हानी नोक्सानि गर्ने पाइने छैन । हानी नोक्सानी हुन गएमाम केन्द्रले गरेको मुल्याङ्कन बमोजिम क्षतिपुर्ति व्याक्तिले व्यहोर्नु पर्ने छ।

८. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार केन्द्रमा सुरक्षित रहने छ ।

९. फल सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय खुलेको समयमा केन्द्रको बागवानी ईकाईमा सम्पर्क राख्न सकिनेछ ।

१०. आँप तथा लिची फलको न्युनतम मुल्य रु. २,९७,२२२.४२।।(दुई लाख सन्तान्बे हजार दुई सय बाईस रुपैयाँ ब्यालिस पैसा मात्र) कायम गरिएको छ।

११. यसमा उल्लेख नभएको कुराहरुको हकमा नेपाल सरकारको प्रचलित ऐन, कानुन बमोजिम हुने छ।

१२. ईच्छुक इजाजत प्राप्त फर्मको हकमा फर्म संस्था दर्ताको प्रतिलिपि आ.व. ०८०/०८१को कर चुक्ता प्रमाणपत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपी सहितको निवेदन यस केन्द्रमा पेश गर्नुपर्नेछ ।

१३. दरभाउपत्र दाखिला गर्दा खाममा दरभाउपत्रदाताको नाम थर समेत खुलाई फोन नं. ठेगाना लाहाछाप लगाई शिलबन्दी गरी पेश गर्नुपर्छ ।

१४. कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेको दरभाउपत्रमा अक्षरलाई मान्यता दिईनेछ र केरमेट भएको स्थानमा हस्ताक्षर गरेको हुनुपर्ने छ अन्यथा मान्यता दिईनेछैन ।

१५. केन्द्रले प्राविधिक परिक्षणको लागि छुटयाईएको प्रत्येक जातको १/१ वोट व्यक्ति/फर्मले टिप्न पाइने छैन ।

१६. रित नपुगि वा म्याद नाघि पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ । अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

१७. उपरोक्त उल्लेखित नियम तथा शर्तहरु पूर्णरुपले पालना गर्नेछु भनी यो बोलपत्र पेश गरेको छु।

नोटः दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा विदा पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा हुने छ।

केन्द्र प्रमुख